**औद्योगिक ग्राम घोषणाका लागि स्थानीय तहबाट पेश गर्नु पर्ने कागजातहरुः**

(क) औद्योगिक ग्राम स्थापनाका लागि जग्गाको स्वामित्व, कित्ता नं र क्षेत्रफल खुलेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको **निर्णय,**

(ख) प्रस्तावित औद्योगिक ग्रामको चारकिल्ला खुलेको नापी कार्यालयबाट प्रमाणित **नक्सा,**

(ग) प्रस्तावित औद्योगिक ग्रामको **चारकिल्ला खुलेको** सम्बन्धित वडाको **पत्र,**

(घ) हालको जग्गाको स्वामित्व तथा जग्गाको प्रकृति खुलेको सम्बन्धित मालपोत वा नापी कार्यालयबाट प्रमाणित कागजात **(फिल्ड बुक उतार, जग्गा दर्ता/रजिष्ट्रेसनको प्रमाणपत्र),**

(ङ) औद्योगिक ग्राममा स्थापना हुनसक्ने सम्भावित उद्योगहरु, सम्भावित लगानी, सम्भावित बजार व्यवस्था, सिर्जना हुनसक्ने सम्भावित रोजगारी सहित औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ को **अनुसूची-१** बमोजिमको परीक्षण सूची तथा सो अनुसारको **पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,**

(ङ) **प्रदेश मन्त्रालय** (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)**को सिफारिश** पत्र।